मधेश प्रदेश सरकार
गृह, सञ्चार तथा कानून मन्त्रालय
जनकपुरधाम, धनुषा

**प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको निर्णय**

जल तथा मौसम विज्ञान विभागको मिति २०८२ साल कार्तिक ११ गते २:०० बजे प्रेषित विज्ञप्ति अनुसार बंगालको खाडीमा विकसित चक्रवात 'मोन्था' का कारण मिति २०८२ कार्तिक १३ गते विहीबार दिउँसो देखि कार्तिक १५ गते शनिवार विहानसम्म मधेश प्रदेशका धेरै स्थानमा मध्यम देखि भारी वर्षाको सम्भावना रहेकाले मानवीय तथा भौतिक क्षति न्यूनीकरण गर्न मिति २०८२ कार्तिक ११ गते मंगलबार राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, सिंहदरबार, काठमाडौंले जारी गरेको सतर्कताका लागि अनुरोध सम्बन्धी सूचनाको कार्यान्वयन सम्बन्धमा देहाय बमोजिमको निर्णयहरु गरियो।

**१. तत्काल गरिने तयारी तथा पूर्व-प्रतिकार्य सम्बन्धी निर्णयहरू**

क. **जोखिम क्षेत्रमा विशेष सतर्कता:** सम्भावित जोखिम क्षेत्रहरू (नदी किनार, पहिरो क्षेत्र, तटीय क्षेत्र आदि) मा स्थानीय तहले सुरक्षा निकाय, स्वयंसेवक परिचालन गरेर विशेष सतर्कता अपनाउने।

ख. **अत्यावश्यक सेवाको निरन्तरता:** पानी, विद्युत, सञ्चार, यातायात, र स्वास्थ्य जस्ता अत्यावश्यक सेवाहरूको सञ्चालनलाई निरन्तरता दिन र अवरोध आएमा तत्काल पुनर्स्थापना गर्न सम्बन्धित निकायहरू तयारी अवस्थामा रहने ।

ग. **सुरक्षित स्थानको पहिचान र व्यवस्थापन:** जोखिममा रहेका परिवारलाई तुरुन्तै सुरक्षित स्थान (सार्वजनिक भवन, सामुदायिक भवन, धर्मशाला, विद्यालय आदि) मा सार्नको लागि अस्थायी आश्रयस्थलहरूको पहिचान, तयारी र व्यवस्थापन गर्ने। त्यहाँ खाद्यवस्तु, पिउने पानी, स्वास्थ्यकर्मी र प्राथमिक उपचार किटको तत्काल व्यवस्थाको लागि स्थानीय तह र सरोकार पक्षलाई अनुरोध गर्ने।

घ. **नदी तटीय क्षेत्रमा विशेष निगरानी:** कमला, बागमती, लालबकैया, मनुस्मारा लगायतका अन्य स्थानीय नदीमा जल सतह बढ्न सक्ने सम्भावना रहेकोले जलसतहको अनुगमन गर्ने निकायले स्थानीय तह र सरोकार पक्षलाई निरन्तर सूचना प्रवाह गर्ने।

ङ. **जनचेतना प्रवाह:** जोखिमयुक्त क्षेत्रमा माईकिङ्ग र अन्य स्थानीय सञ्चार माध्यम (रेडियो, टेलिभिजन, पत्रपत्रिका) तथा सामाजिक सञ्जालबाट "सचेत रहौं, सुरक्षित स्थानमा सरौं" भन्ने सन्देश सहित स्थानीय तह र सरोकार पक्षलाई निरन्तर सूचना प्रवाह गर्न अनुरोध गर्ने ।

च. सचेतना सम्बन्धी सूचना तयार गरी मोबाईल अलर्ट सन्देश (Mobile Alert Message) र Mobile Ring Back Tone द्वारा प्रसारण गर्न सम्बन्धित निकायलाई अनुरोध गर्ने ।

छ. जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिलाई तत्काल जानकारी गराई अलर्ट (सजक) रहन अनुरोध गर्ने ।

ज. सम्भावित बाढी, डुबान हुने ठाउँमा बोरा भित्र माटो/बालुवा भरी तत्काल रोकथाम गर्न मधेश प्रदेश सरकार उर्जा, सिंचाई तथा खानेपानी मन्त्रालयलाई निर्देशन दिने ।

प्रदेश सचिव

मधेश प्रदेश सरकार
गृह, सञ्चार तथा कानून मन्त्रालय
जनकपुरधाम, धनुषा

२. समन्वय र परिचालन सम्बन्धी निर्णयहरू

क. **द्रुत उद्धार टोलीको तयारीः** नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, र आवश्यक स्वयंसेवकहरू सम्मिलित द्रुत उद्धार तथा खोजी टोलीहरूलाई आवश्यक उपकरणसहित पूर्ण तयारी अवस्थामा राख्न अनुरोध गर्ने।

ख. **अन्तर-सरकारी समन्वयः** प्रदेश विपद् व्यवस्थापन समिति, जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय तहका बीचमा सूचना आदानप्रदान र स्रोत साधनको परिचालनका लागि प्रभावकारी समन्वय संयन्त्र मन्त्रालयमा तुरुन्तै सक्रिय गर्ने।

३. अनुगमन तथा प्रतिवेदनः

क. विपद्को अवधिभर प्रदेश विपद् व्यवस्थापन समितिको बैठक दैनिक रुपमा बस्ने र अवस्थाको समिक्षा गर्दै आवश्यक थप निर्णयहरु गर्ने।

ख. प्रत्येक जिल्लाले आफ्नो क्षेत्रको पछिल्लो अवस्था र प्रतिकार्यमा भएका कामहरुको प्रत्येक ८ घण्टामा अद्यावधिक गरी मधेश प्रदेश गृह, सञ्चार तथा कानुन मन्त्रालयको विपद् व्यवस्थापन महाशाखामा पठाउने ।

ग. मधेश प्रदेशमा हुने सम्भावित प्रकोप सम्बन्धी सम्पर्कको लागि मधेश प्रदेश सरकार गृह, सञ्चार तथा कानुन मन्त्रालयका प्रदेश सचिव (सम्पर्क नं.:- ९८५४०४४४४५) र मधेश प्रदेश विपद् कक्ष (सम्पर्क नं. ९८५४०४९४८८) कायम गर्ने।

प्रदेश सचिव